नेपाल सरकार
गृह मन्त्रालय

# मिति २०७३ चैत्र १० गते बसेको विषयगत क्षेत्रको बैंठकले गरेका निर्णयहरु;-

सुख्खा मौसमको सुरुवआतसँगै आगलागी तथा बन डढेलोजस्ता प्रकोपको सम्भावना अधिक रहने हुँदा यसको नियन्त्रणको लागि पूर्व सावधानी अपनाउन र प्रकोपको घटना भइ हालेमा शीघ्र नियन्त्रणको व्यवस्था मिलाउन मिति २०७३/१०/०७ मा सबै जिल्ला प्रशासन कार्यालयहरुलाई गृह मन्त्रालयबाट परिपत्र गरि सकिएको छ । यस सन्दर्भमा बन डढेलो तथा आगलागीका घटनाहरु घटिरहेको र यसबाट जनधन तथा वातावरणीय नोक्सानी भइरहेकोले यस्ता घटनाबाट बच्ने उपायहरु र घटना घटिसके पश्चातको नियन्त्रण र व्यवस्थापनलाई थप सक्षम, समन्वित र प्रभावकारी बनाउन विषयगत क्षेत्रहरुको बैठक बसी देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ;

१. विगतका बर्षहरुमा जस्तै यस बर्षको सुख्खा मौसममा पनि आगलागी तथा बन डढेलोका घटनाहरु हुने अवस्थालाई मध्यनजर गर्दै यस सम्वन्धी व्यापकरुपमा जनचेतना फैलाउन गृह मन्त्रालय, बन तथा भू-संरक्षण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, शिक्षा मन्त्रालय, , महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका निकायहरुले मातहतका निकायहरुलाई निर्देशन दिने र जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्लास्थित सबै सरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, गैरसरकारी संस्थाहरु, पत्रंकार महासंघ, नेपाल स्काउट आदिलाई समन्वय तथा परिचालन गरी आगलागी तथा बन डढेलो नियन्त्रणका लागि विभिन्न किसिमका सचेतनात्मक कार्यक्रमहरु संचालन गर्ने ।

२. आगलागी तथा बन डढेलोका घटनाबाट ठूलो मात्रामा वनजंगलको नोक्सान हुने तथा उक्त प्रभावले नजिकका बस्तिहरुसमेत प्रभावित हुने गरेकोले बनमा लाग्ने डढेलो रोकथामका लागि बन विभागले आफ्ना मातहतका निकायहरु परिचालन गरी डढेलो नियन्त्रण गर्न आवश्यक रोकथाम, अल्पीकरण, पूर्व तयारी तथा प्रतिकार्यका साथै यससँग सम्वन्धित जनचेतनाका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउँने ।

३. नेपाल रेडक्रस सोसाइटीले आफ्ना जिल्ला शाखा तथा मातहतका उपशाखाहरुमार्फत स्थानीय भाषामा आगलागी नियन्त्रणसम्वन्धी जनचेतना मूलक सन्देश निर्माण गरी ती सन्देशहरुको प्रकाशन तथा प्रशारण गर्ने व्यवस्था मिलाउने ।

४. आगलागी तथा बन डढेलो नियन्त्रणका लागि स्थानीयतहमा रहेका वारुणयन्त्रहरुलाई चालु अवस्थामा राख्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

५. विभिन्न क्षेत्र तथा जिल्लाहरुमा रहेका संयुक्त राष्ट्र संघअन्तर्गतको अन्तर्निकायगत समन्वय समिति (Interagency standing committee) तथा विषयगत क्षेत्रको सह-नेतृत्वदायी निकायहरु सम्वन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिको निकटतामा रही आगलागी पीडित व्यक्ति तथा परिवारहरुका लागि राहत पुर्याउन तयारी अवस्थामा रहने ।

६ आगलागीजन्य घटना तथा दूर्घटनालाई मध्यनजर गर्दे पेट्रोलियम पदार्थ तथा LPG को सुरक्षित प्रयोगका सन्दर्भमा सर्वसाधारणलाई जानकारी गराउने उद्धेश्यले सचेतनामूलक कार्यक्रम संचालन गर्न आपूर्ति मन्त्रालयलाई अनुरोध गर्ने ।

**मनसुनको समयमा बाढी, पहिरो तथा डुवानबाट ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । आगामी मनसुनको समयलाई मध्यनजर गर्दे मनसुनबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि मनसुन पूर्व तयारी सम्वन्धि क्रियाकलापहरु संचालन गर्न देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ;**

क. आगामि मनसुनको पूर्वतयारीका लागि १५ दिन भित्र सबै सरकारी तथा संयुक्त राष्ट्रसंघ अन्तर्गतको अन्तर्निकायगत समन्वय समिति (Interagency standing committee) तथा विषयगत क्षेत्रको सह-नेतृत्वदायी निकायहरुले आ-आफ्नो क्षेत्रको मनसुनसम्वन्धी कार्य योजना बनाउने । सरकारी निकायहरुले उक्त कार्य योजनाको Soft र Hard Copy गृह मन्त्रालय राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रमा उपलब्ध गराउने । सम्वन्धित विषयगत क्षेत्रका सह-नेतृत्वदायी निकायहरुले मानवीय संयोजकको कार्यालयमार्फत गृह मन्त्रालय राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रमा पठाउने ।